कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३०० | वि.सं. २०८२ | फागुन | ८ | शुक्रवार | नेपाल संवत्: ११४५, | फाल्गुण शुक्लपक्ष तृतीया | Friday | 20 | February | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


# रास्वपाले कर्णालीबाट 'वाचा पत्र' सार्वजनिक गरेर दिन खोजेको सन्देश



**ओम शाही**
**सुर्खेत, ७ फागुन ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना पाँच वर्षे चुनावी वाचा पत्र सार्वजनिक गरेको छ। बिहिबार कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा रास्वपाद्वरा आयोजित परिवर्तन उद्घोष सभामा पार्टी सभापति रवि लामिछाने, उपसभापति स्वर्णिम वाग्ले, डोलप्रसाद अर्याल र वरिष्ठ नेता बालेन्द्र साहले वाचा पत्र सार्वजनिक गरेका हुन्।

सुदुरपश्चिम प्रदेशबाट सुरु भएको रास्वपाको चुनावी अभियानको दोस्रो दिन कर्णालीमा आएर वाचा पत्र सार्वजनिक गरिनुलाई राजनीतिक वृत्तमा विशेष महत्वका साथ हेरिएको छ। २०७९ मा सञ्चारकर्म छोडेर रास्वपा जन्माएका पार्टी सभापति रवि लामिछाने वाचा पत्र सार्वजनिक समारोहमा कर्णालीका लागि बढ्ता रक्षात्मक देखिए।

उनले पुराना दलको नाम लिएनन् तर खुलेर लोकतन्त्र जोगाउने लडाईंमा रास्वपा एक्लो उभिएको उद्घोष गरे। उनले सम्बोधनका क्रममा कर्णालीमा रोग, भोग, गरिवी र अशिक्षा व्याप्त हुनुको प्रमुख कारण नै पुराना दलको थाप्लोमा हाले। धेरै पटक अवसर पाएर पनि कर्णालीलाई आँखै अगाडि नर्क बनाउन खोजिएपछि रास्वपा जन्मिएको दावी पनि उनले गरे।

लामिछानेले ठुला दलले लोकतन्त्रमाथि खतरा रहेको भनाइप्रति आपत्ति जनाउँदै लोकतन्त्रको असली संरक्षक जनता नै भएको दाबी गर्दै भने, 'लोकतन्त्र जोगाउने ठेक्का कुनै नेता वा पार्टीले लिनु पर्दैन। जनता जागेपछि लोकतन्त्र बलियो हुन्छ।' उनले परिवर्तनका लागि शान्तिपूर्ण र लोकतान्त्रिक बाटो रोज्नुपर्नेमा जोड दिए। 'रोडबाट होइन, भोटबाट परिवर्तन गरौं, कर्णालीले हिंसात्मक द्वन्द्वको पीडा धेरै भोगिसकेको छ,' उनले भने।

उनले आगामी २१ फागुनको निर्वाचनलाई देशको भाग्य र भविष्य बदल्ने अवसरका रूपमा चित्रण गरे। 'निर्वाचन केवल मतदानको दिन होइन, देशको दिशा तय गर्ने दिन हो,' उनले भने, 'जनताले २१ गते अनुमोदन गरेर विश्वलाई देखाउनेछन् कि नेपाल अब अगाडि बढ्दैछ।' सभापति लामिछानेले बहुमतसहितको स्थिर सरकार आवश्यक रहेको बताउँदै रास्वपालाई स्पष्ट जनादेश दिन आह्वान गरे।

> 'उत्तर धेरैले दिएका छन्, अब समाधान दिने समय आएको छ। पाँच वर्षको स्थिर सरकारमार्फत् देशलाई सही दिशामा लैजान हामी तयार छौं।'

पाँच वर्ष टिक्ने स्थायी सरकार नदिइए मुलुक फेरि अस्थिरतातर्फ जान सक्ने उनले औल्याए। उनले घण्टी चुनाव चिह्नमा मतदान गर्न आह्वान गर्दै भने, 'उत्तर धेरैले दिएका छन्, अब समाधान दिने समय आएको छ। पाँच वर्षको स्थिर सरकारमार्फत् देशलाई सही दिशामा लैजान हामी तयार छौं।'

रास्वापाले कर्णालीबाट किन वाचा पत्र सार्वजनिक गऱ्यो भन्ने विषयप्रति यति बेला सर्वत्र चासो बढेको छ। रास्वपाले आफ्नो वाचा पत्रको पहिलो बुँदामै राज्यको संरचना र नीतिका कारण पुस्तौंदेखि अन्याय र बहिष्करणमा परेका समुदायसँग औपचारिक रूपमा क्षमायाचना गर्ने उल्लेख गरेको छ।

कर्णाली ऐतिहाँसिक रूपमै राज्यबाट सबैभन्दा बढी उपेक्षित र बहिष्करणमा परेको क्षेत्र भएकाले त्यहीबाट नयाँ थिति बसाल्ने सङ्कल्प गर्नुले गहिरो अर्थ राख्छ। कर्णालीबाट वाचा पत्र सार्वजनिक हुनुलाई कर्णालीमा रास्वपाको कमजोर उपस्थितीसँग पनि जोडिएको छ। गएको निर्वाचनमा रवि लामिछानेको राजनीतिक क्रेज अहिलेकै जस्तो थियो। तर, उसले कर्णालीबाट अपेक्षित मत पाउन

बाँकी ३ पेजमा

## कर्णालीको गहिराई रास्वपाले बुझ्छ : बालेन

वरिष्ठ नेता बालेद्र साहले आजसम्म कुनै पनि राजनीतिक नेतृत्वले कर्णालीको गहिराई बुझ्न नसकेको बताए। पार्टीद्वारा आयोजित परिवर्तन उद्घोष सभालाई सम्बोधन गर्दै साहले भने, 'देशको सबैभन्दा ठूलो रारा ताल, सबैभन्दा लामो नदी कर्णाली, सबैभन्दा ठूलो जिल्ला डोल्पा र विशाल गाउँपालिकाहरू भएको कर्णालीको गहिराइ आजसम्म कसैले सही रूपमा बुझ्न सकेन,' साहले भने, 'त्यो गहिराइ बुझ्ने पार्टी रास्वपा हो।'

उनले डोल्पामा पाइने बहुमूल्य यार्सागुम्बा विश्व बजारसम्म पुग्न सक्ने तर कर्णालीका स्याउजस्ता कृषि उत्पादन देशभर सहजै नपुग्नु बिडम्बना भएको टिप्पणी गरे। कर्णालीका उत्पादनलाई राष्ट्रिय बजारसम्म पुऱ्याउने नीति लिइने ककउनले दावी गरे।

सिंजा सभ्यताको संरक्षणमा जोड दिदै उनले भने, 'सिंजा उपत्यकालाई नेपाली भाषा र खस सभ्यताको उद्गमस्थलका रूपमा त्यहाँको भाषा, लिपि, कला, संस्कृति, नाचगान र जात्राको संरक्षण

बाँकी ४ पेजमा

## कस्तो छ रास्वपाको वाचा पत्र ?

रास्वपाले आगामी २१ फागुनमा हुन लागेका प्रतिनिधिसभा निर्वाचनको पूवसन्ध्यामा नीतिगत रूपान्तरणका एक सय आधारहरू समेटिएको आफ्नो वाचा पत्रको नाम थिति बसाल्ने सङ्कल्प दिएको छ। दस्तावेजमा सुशासन, आर्थिक सुधार र डिजिटल क्रान्तिलाई मुख्य प्राथमिकतामा राखिएको छ।

वाचा पत्रमार्फत राज्यका कारण पुस्तौंदेखि अन्याय र बहिष्करणमा परेका दलित समुदायसँग नयाँ सरकार प्रमुखको पहिलो सम्बोधनमार्फत औपचारिक रूपमा क्षमायाचना गरिने प्रतिबद्धता जनाइएको छ। उच्चस्तरीय भ्रष्टाचार छानबिन बनाएर २०४६ सालयता सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति राष्ट्रियकरण गर्ने कडा नीति लिइने रास्वापको वाचा पत्रमा उल्लेख छ।

राज्यका निकायहरूमा दलीय भ्रातृ संगठन र ट्रेड युनियनको अन्त्य गर्ने रास्वपाको नीति छ। पार्टी प्रमुखको पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने र आफन्तलाई स्वकीय सचिव नियुक्त गर्न

बाँकी ३ पेजमा

### बाँके-२ मा प्रतिबद्धतापत्रको प्रतिस्पर्धा :

# विकास, सुशासन र पूर्वाधारमा दलहरूका आ-आफ्नै एजेन्डा

**सरला सुवेदी**
**बाँके, ७ फागुन ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै बाँके निर्वाचन क्षेत्र नं. २ मा उम्मेदवारी दिएका प्रमुख राजनीतिक दलहरूले धमाधम आफ्ना प्रतिबद्धतापत्र सार्वजनिक गर्न थालेका छन्। विकास, सुशासन, पूर्वाधार विस्तार, रोजगारी सिर्जना र प्रविधिमैत्री प्रशासन जस्ता मुद्दालाई केन्द्रमा राख्दै दलहरूले मतदातामाझ आफ्ना एजेन्डा प्रस्तुत गरेका हुन्।

यस क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सार्वजनिक रूपमा प्रतिबद्धतापत्र सार्वजनिक गरिसकेका छन् भने नेपाली कांग्रेस बाँकेले दुई दिनपछि आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गर्ने जनाएको छ।

**● राष्ट्रिय स्वतन्त्र पार्टीको विकास केन्द्रित एजेन्डा**

बाँके क्षेत्र नं. २ का राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विवेककुमार श्रेष्ठले उद्योग, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, विपद् न्यूनीकरण, वातावरण संरक्षण र सूचना प्रविधिको विकासलाई प्राथमिकतामा राख्दै प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन्।

उनले स्थानीय सरकारसँग सहकार्य गर्दै साझा नीति तथा कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिने उल्लेख गर्नुभएको छ। भेरी अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने, सीमावर्ती व्यापार र भन्सार व्यवस्थापनलाई सुदृढ बनाउने, खुला सीमाबाट उत्पन्न चुनौती समाधानका लागि सङ्घीय तहमा नीतिगत पहल गर्ने प्रतिबद्धता जनाइएको छ। त्यसैगरी शिक्षाको गुणस्तर सुधारका लागि दीर्घकालीन गुरुयोजना निर्माण, आकाशे पुल निर्माण तथा शहरी पूर्वाधार विस्तारलाई पनि प्राथमिकतामा राखिएको छ।

**● एमाले उम्मेदवार राईको पूर्वाधार र कूटनीतिक पहल**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार मोहम्मद इस्तियाक राईले सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा पूर्वाधार तथा सहरी विकासदेखि रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि अनुसन्धान, सामाजिक सुरक्षा, धर्म-संस्कृति संरक्षण, पर्यटन विकास, सुशासन र प्रविधि विकाससम्मका विविध शिर्षक समेटिएका छन्।

राईले आधुनिक क्रिकेट रंगशाला निर्माण, नेपालगञ्ज-दिल्ली सिधा हवाई उडानका लागि कूटनीतिक पहल, नेपालगञ्ज चक्रपथ निर्माण, डुडुवामा बाढी तथा डुबान रोक्न तटबन्ध निर्माण, राप्ती नदीको पानी नेपालगञ्ज ल्याएर दीर्घकालीन खानेपानी व्यवस्था गर्ने तथा आकाशे पुल निर्माण गर्ने जस्ता ठूला पूर्वाधार योजनालाई प्राथमिकतामा राखेका छन्। उनको प्रतिबद्धताले क्षेत्रीय आर्थिक गतिविधि विस्तार, पर्यटन प्रवर्द्धन र धार्मिक सद्भावसहित सामाजिक एकता सुदृढ गर्ने लक्ष्यसमेत अघि सारेको छ।

नेकपाका युवा उम्मेदवार विष्टको 'भ्रष्टाचार शून्य' अभियान

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट युवा उम्मेदवार दीपेन्द्र विष्टले १४ शीर्षकमा आधारित छ पृष्ठ लामो प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन्। उनको प्रतिबद्धताको मूल आत्मा 'भ्रष्टाचार शून्य बाँके-२' अभियान रहेको उल्लेख गरिएको छ।

विष्टले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने, प्रविधिमा आधारित पारदर्शी प्रणाली लागू गर्ने, डिजिटल उजुरी प्रणाली सञ्चालन गर्ने तथा भ्रष्टाचारमा संलग्न व्यक्तिलाई तत्काल निलम्बन गरी कानुनी कारबाही अघि बढाउने व्यवस्था गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।

उनले नेपालगञ्जलाई सूचना प्रविधिमैत्री सेवा र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्ने दृष्टिकोण प्रस्तुत गरेका छन्। नागरिकका दैनिक सेवा–सिफारिस,

बाँकी ३ पेजमा







## सम्पादकीय....

# सडक निर्माणमा बहाना नबनाऊ !

विद्यमान वन सम्बन्धि नीति बाधक नभएको भए २०८१ असारमै सम्पन्न भइसक्नु पर्ने आयोजना थियो, बड्डिचौर-खम्बागाडे सडक । राष्ट्रिय प्राथमिकता प्राप्त मदन भण्डारी राजमार्गको क्षेत्राधिकारभित्र पर्ने सुर्खेतको बराहताल गाउँपालिका-५, को बड्डिचोरदेखि पञ्चपुरी नगरपालिकाको सिमावर्ती क्षेत्र खम्बागाडेसम्मको १३ किलोमिटर सडकको ठेक्का २०७९ मा लागेको थियो । मदन भण्डारी राजमार्गले कामअघि बढाउन ढिला गरेको भन्दै तत्कालिन प्रदेश सरकारले यो खण्डमा बजेट विनियोजन गरेको थियो । ५ साउन २०७९ मा दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी बड्डीचौर-खम्बागाडे सडकको पहिलोखण्ड बराहताल गाउँपालिका-५, स्थित बड्डीचौरमा डोजर चलाएर निर्माण व्यवसायी एवं तत्कालिन संघीय सांसद दिक्पालकुमार शाहीले स्तरोन्नतिको जिम्मा लिए । राष्ट्रिय प्राथमिकता प्राप्त उक्त खण्डमा पर्ने १३ किलोमिटर सडक स्तरोन्नति गरी २०८१ को असार मसान्तसम्म सम्पन गर्ने कार्यादेशसहित सांसद शाहीको निर्माण कम्पनी अनक/जयदेवी जेभी बाँकेले पाएको थियो । दुई वर्षभित्र सक्ने गरी कुल ४२ करोड ४७ लाख ६१ हजार रुपैयाँमा ठेक्का सक्ने गरी अनक जयदेवी र पूर्वाधार विकास निर्देशनालय सुर्खेतबीच १४ असार २०७९ मा सम्झौता भई काम अघि बढेको थियो ।

तर, निर्माण सम्पन्न गर्न दिइएको समय समाप्त भएको एक वर्षसम्म पनि सडकले पूर्णता पाएको छैन । लामो समय रुख कटान र जग्गाभोगाधिकारको कानुनी अल्झनमा फसेको आयोजनामा अहिले कुनै पनि समस्या छैन । तर, निर्माण व्यवसायीले दोस्रो पटक निर्देशनालयसँग भएको सम्झौता अनुसार कामलाई गति दिन आलटाल गरिरहेको छ । सुरुमा निवर्तमान सांसद शाहीको कम्पनी जयदेवीले निर्माण व्यवसायी अनकसँग जोइन्ट भेन्चरमा ठेक्का हात पारेको थियो । तर, शाहीले फिल्डस्तरमा काम गर्न नसको भन्दै नागरिकस्तरबाट चर्को आलोचना भएपछि शाहीको कम्पनी जयदेवीले हात झिकेको थियो । जयदेवी अलगत भएपछि अहिले अनकले एक्लै काम गरिरहेको छ । कानूनि अल्झनका कारण ठेकेदारले काम गर्न नपाएपछि पूर्वाधार निर्देशनालयले दोस्रो पटक म्याद थप गरेको छ । निर्देशनालयसँग भएको दोस्रो सम्झौता अनुसार आगामी २ जेठ २०८२ सम्म सडकले पूर्णता पाइसक्नुपर्ने भएपनि हालसम्म सडकले ५० प्रतिशत भौतिक प्रगति कटाउन सकेको छैन । बड्डिचौरलाई सून्य बिन्दु मानेर मदन भण्डारी राजमार्ग नामकरण गरी तीन वर्षअघि नै संघीय सरकारले सडकको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पारेको थियो ।

तर, संघीय सरकारले सडक निर्माणमा चासो नदेखाएको भन्दै प्रदेश सरकारले सडक कालोपत्रे गर्न अपनत्व लिएको थियो । तीन दशकअघि अर्थात् २०५१ सालमा सुर्खेत-बाबियाचौर-बेनीघाट सडक निर्माण सुरु भएको थियो । पूर्वको झापालाई पश्चिमको डडेलधुरासँग जोड्ने सडकका रूपमा लिइएको यो सडक निर्माण भएको लामो समयसम्म पनि स्तरोन्नति हुन नसक्दा जिल्लाको पश्चिम क्षेत्रका नागरिक अझै पनि धुलाम्मे र हिलाम्मे बनेर यात्रा गर्न बाध्य छन् । बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने यो सडकमा कैयौँले अनाहकमा ज्यानसमेत गुमाएका छन् । साँघुरो सडक, खाल्डाखुल्डी र खोलाका कारण जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ । रुख कटान, जग्गाभोगाधिकार लगायतका कानूनि प्रक्रिया पुरा भएको अवस्थामा पनि आयोजनाले गति नलिनुमा निर्माण व्यवसायीको नियत जोडिएको छ । पर्याप्त बजेट भएर कुनै पनि समस्या नरहेको आयोजनाले गनि नलिनु ठेकेदारको कार्यक्षमता कमजोरी हो । ठेक्का लिने बेला अनेक हत्कडा अपनाउने तर काम गर्ने बेला बहानावाजी गर्ने ठेकेदारलाई सबक सिकाउन जरुरी छ । यसतर्फ नियामक निकायले ध्यान पुऱ्याउन आवश्यक छ ।

## राससको ऐतिहासिक यात्राः

# कागजी 'बुलेटिन'देखि 'डिजिटल' युगसम्म



एकराज पाठक/रासस

नेपालबाटै पहिलोपटक प्रकाशन भएको नेपाली भाषाको साहित्यिक पत्रिका सुधासागरलाई आधार मान्दा नेपाली पत्रकारिताको इतिहासले १२७ वर्ष पूरा गरेको छ । यो मासिक पत्रिकाको प्रकाशन विसं १९५५ साउनमा भएको थियो । त्यसको तीन वर्षपछि अर्थात् विसं १९५८ को वैशाख २४ गते साप्ताहिक पत्रिकाका रुपमा गोरखापत्र प्रकाशन भएपछि नेपालमा अखबारी पत्रकारिताको सुरुआत भएको मान्न सकिन्छ । यस हिसाबले हेर्दा हाम्रो देशमा पत्रकारिताको इतिहासलाई पुरानो एवं सम्पन्न नै मान्नुपर्छ ।

नेपालमा विसं २००७ फागुन ७ गते प्रजातन्त्रको स्थापनापछि मात्र नेपाली प्रेसले नागरिकको विचार तथा अभिव्यक्ति एवं प्रेस स्वतन्त्राको उपयोग तथा उपभोग गर्ने अवसर प्राप्त गरेको हो । जसका बाबजुत राणा शासनको १०४ वर्षको अवधि गोरखापत्रसहित जम्मा १३ वटा मात्र पत्रिका प्रकाशनमा सीमित रहेकामा २००७ देखि २०१७ सालको प्रजातन्त्रको दशकमा ३०० को हाराहारीमा पत्रपत्रिका प्रकाशित भएका थिए । यो उत्साहपूर्ण अवस्थालाई मध्यनजर गरी सरकारले पत्रिका प्रकाशनको कार्यलाई थप व्यवस्थित र मर्यादित बनाउने सोच बनायो र विसं २०१४ माघ २९ गते तत्कालीन विशेष न्यायाधीश कृष्णप्रसाद चापागाईंको अध्यक्षतामा प्रेस कमिसन गठन गऱ्यो ।

राज्यस्तरबाट मुलुकको प्रेस जगत्को अस्तित्व या आवश्यकता स्वीकारिएको सायद यो नै पहिलो घटना हुनसक्छ । तत्कालीन शाही प्रेस सेक्रेटरी, सञ्चार मन्त्रालयका प्रतिनिधि, वरिष्ठ पत्रकारहरू र सञ्चार क्षेत्रका विज्ञसमेत सम्मिलित सात सदस्यीय सो कमिसनले नेपाल सरकारलाई २०१५ साल जेठमा प्रतिवेदन बुझायो । नेपाली पत्रकारिताको इतिहासमा प्रेस कमिसन प्रतिवेदन २०१५ का नाममा परिचित यस प्रतिवेदनले त्यो अवधिका करिब ३०० को हाराहारीमा प्रकाशन भइरहेका पत्रपत्रिकाको व्यवस्थापन प्रवर्द्धन र संरक्षणका लागि विभिन्न बुँदामा सुझाउ प्रस्तुत गरेको छ । सो प्रतिवेदनले नेपालमा समाचार समितिको स्थापना गर्नुपर्ने सुझाव पनि दिएको थियो । यही प्रतिवेदनले नै पहिलोपटक नेपालमा समाचार समिति स्थापना हुनुपर्ने सुझाएको थियो ।

सम्भवतः यही सरकारी कमिसनको सुझावका आधारमा हुनुपर्दछ देशमा समाचार समितिको जन्म भयो । सरकारी समितिले दिएको सुझाव भए पनि मुलुकको पहिलो समाचार समिति भने निजी क्षेत्रको प्रयासबाट आएको छ । मुलुकमा पहिलोपटक समाचार समितिलाई जन्म दिने श्रेय त्यो समयका युवा पत्रकार गोपालदास श्रेष्ठ, मदन शर्मा, गोविन्द वियोगी र गणेश मानन्धरलाई जान्छ । उहाँहरूले विसं २०१६ पुस १ गते नेपाल संवाद समिति, नेससको स्थापना गर्नुभयो । त्यतिबेलासम्म नेपालमा रेडियोको पनि जन्म भइसकेको थियो । प्रजातन्त्र रेडियो (वर्तमान रेडियो नेपाल) नै विसं २००७ बाट प्रसारण सुरु भएको हो । यसरी पत्रिकापछि रेडियो हुँदै नेपाल समाचार समिति युगमा समेत प्रवेश गरेको थियो । यसको करिब साढे चार महिनापछि पत्रकारहरू मणिन्द्रराज श्रेष्ठ, पशुपतिदेव पाण्डे र शङ्करनाथ शर्माले २०१७ साल वैशाख ३० गते सगरमाथा संवाद समिति, ससको स्थापना गर्नुभयो । यो नेपालको दोस्रो समाचार समिति भयो ।

उता राजा महेन्द्रले २०१७ साल पुस १ गते देशको दुई तिहाइ बहुमतको कांग्रेस सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्थाको सुरुआत गरे । प्रजातन्त्रको त्यो दशकमा नेपालको इतिहासमा पहिलोपटक प्रेस स्वतन्त्रताको भरपूर अभ्यास गरिरहेको नेपाली प्रेस अब सरकारी 'सेन्सरसिप'को फेला पर्ने निश्चितजस्तै भयो ।

राजाको त्यो कदमले बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लगाएसँगै अब देशमा प्रेस स्वतन्त्रताका कदमलाई पनि थप कडा पार्न थालियो । सरकार र विशेषगरी पञ्चायती व्यवस्थाको विरोध गरेर लेख्न नपाइने, बहुदलवादी राजनीतिक दलहरूका क्रियाकलापहरूले पत्रपत्रिकामा स्थान नपाउने भएपछि अब पत्रपत्रिका प्रकाशनको दायरा खुम्चिने अवस्थातिर पुग्यो । यदि पत्रपत्रिका नै प्रकाशनमा आएनन् भने त समाचार समितिको अवस्था पनि कमजोर हुने नै भयो । सगरमाथा संवाद समितिका संस्थापक मणिन्द्रराज श्रेष्ठले केही समयअघि समाचार समिति स्थापना गरिहाले पनि सञ्चालन गर्न निकै कठिन भएको अनुभव सुनाउनुभएको थियो ।

उहाँले निकै थोरै पैसा लिएर स्वदेशी दैनिक पत्रपत्रिकालाई समाचार बिक्री वितरण गरी आएको र दुईवटा समाचार समितिको सञ्चालन आर्थिक अवस्थाका कारण पनि कठिन हुँदै गएको अनुभव सुनाउनुभएको थियो । त्यसैमा पनि अब पत्रिका बन्द हुने अवस्था देखेपछि ती समाचार समिति एक प्रकारले भन्ने हो भने बन्द हुने अवस्थामै पुगका थिए ।

त्यसै समयमा राजा महेन्द्र स्वयं नै सरकारले नै गोरखापत्र र रेडियो नेपालजस्तो गरी संवाद समिति सञ्चालन गनुपर्ने योजनामा रहेका थिए । यसअनुरूप यी दुवैलाई गाभेर २०१८ फागुन ७ गते राष्ट्रिय संवाद समिति, रासस्को स्थापना गरी सञ्चालन सुरु गरेको देखिन्छ । यसरी राससको स्थापना गर्दा नेपाल सरकारका तर्फबाट सरकारका तत्कालीन सचिव रामराज पौड्याल, नेपाल संवाद समितिका तर्फबाट गोविन्द वियोगी र सगरमाथा संवाद समितिका तर्फबाट मणिन्द्रराज श्रेष्ठ संस्थापकका रूपमा छानिनुभएको थियो । उहाँहरू नै राससका संस्थापक हुनुहुन्छ । दुई समाचार समिति गाभ्नुपर्नाको कारण आर्थिक नै भएको संस्थापकहरूले समय समयमा विभिन्न माध्यमबाट व्यक्त गर्नुभएका अनुभवबाट पनि थाहा हुन्छ ।

त्यही राससले देशको प्रमुख समाचार समितिका रूपमा आफ्नो ६५ वर्षे ऐतिहासिक यात्रा पार गरेको छ । आज राससको ६५ औँ वार्षिकोत्सव हो । यसको स्थापनाको समयका तुलनामा आज समय र प्रविधिमा आकास पातालको परिवर्तन आइसकेको छ । उ बेला समाचार बुलेटिन छापेर वितरण गर्दै आएको राससको सेवा अहिले भने संसारका कुनै पनि कुनाबाट 'लग-इन' गरेर प्राप्त गर्न सकिन्छ । उ बेला लिथोग्राफी र कागजी बुलेटिनमा छापिएको रासस अहिले कागजविहीन अर्थात् 'पेपरलेस' स्वरुपमा सेवा प्रदान गर्नसक्ने हैसियतमा पुगेको छ ।

बितेको छ दशकमा राससले जसरी सेवा गऱ्यो त्यसको तुलनामा यतिखेर देशमा राजनीतिक रुपमा पनि धेरै परिवर्तन भइसकेको छ । अहिले राससलाई राजदरबारको प्रवक्ता एवं मुख्य प्रचारकको रुपमा काम गनुपर्ने बध्यता छैन । नत पञ्चायती व्यवस्थाजस्तै कुनै व्यवस्थाको पक्षपोषण गर्नुपर्ने दबाब नै छ । उ बेला र पछिल्लो समयका अनेक कालखण्डका तुलनामा राससलाई अहिले समाचार उत्पादन र वितरणमा स्वतन्त्रता छ ।

त्यसबेला देशमा करिब साढे दुई सयको हाराहारीमा रहेका पत्रिकालाई सेवा दिने प्रयोजनार्थ सम्पादकहरूले समाचार समितिको आवश्यकता ठानेका थिए भने आज राससका अगाडि हजारौँ आमसञ्चारमाध्यम छन् । फेरि ती माध्यमभन्दा पनि बलिया सामाजिक सञ्जालहरू छन् । यी सञ्जालले ती मिडियाले भन्दा बढी सूचना बोकेका र प्रसार गरेका छन् । त्यस्तै सञ्चारमाध्यमको विविधता पनि दिनप्रतिदिन अचम्मको बन्दै गएको छ ।

जस्तो कि त्यसबेला समाचार समितिहरूले सुरुमा हातले लेखेको र पछि लिथोमा तयार पारिएका समाचार बुलेटिनहरू वितरण गर्ने गर्दथ्यो भने अहिले एउटै क्लिकमा देशभित्र मात्र नभएर जुनसुकै कुनाका लागि पनि सेवा उपलब्ध छ । अनि त्यसबेला सुरुमा पत्रिका र रेडियो मात्र रहेकामा पछि टेलिभिजन पनि समाचार समितिका सेवाग्राहीको सूचीमा परेको थियो भने अहिले अनलाइन न्युज पोर्टलहरू मुख्य सञ्चारमाध्यमका रूपमा उदाएका छन् । यसरी सञ्चारका माध्यमको प्रकृति फेरिएको छ र प्रविधिले समाचार सम्प्रेषणका तौरतरिकालाई पनि पूर्णतः बदलिदिएको छ ।

प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन, २०८०/८१) का अनुसार नेपालमा दैनिक पत्रपत्रिका ७४०, अर्धसाप्ताहिक ३१, साप्ताहिक दुई हजार ९०५, पाक्षिक ४०१, मासिक ६१२, द्वैमासिक ६१, त्रैमासिक १११, अन्य ३८ गरी चार हजार ८९९ वटाको सङ्ख्यामा प्रकाशन दर्ता रहेको अभिलेख छ । यसैगरी पाँच हजार वटाको हाराहारीमा अनलाइन न्युज पोर्टल दर्ता भएका छन् भने एक हजारभन्दा बढी तथा २४६ टेलिभिजन सञ्चालनका लागि इजाजत लिएको देखिन्छ । पत्रकार महासङ्घको एक तथ्याङ्कअनुसार नेपालमा महासङ्घमा आबद्ध रहेका पत्रकारको सङ्ख्या आठ हजारको हाराहारीमा छ । त्यसो त महासङ्घमा आबद्धता नरहेका अर्थात् सदस्य नरहेका पत्रकारको सङ्ख्या पनि छ । यो तथ्याङ्कबाट नेपालमा आमसञ्चारका माध्यमहरूको स्थापना र सञ्चालनको दायरा विस्तारित हुँदै गएको स्पष्ट त देखिन्छ नै, यसका अतिरिक्त पत्रकारहरूको सङ्ख्या पनि बढ्दै गएको छ ।

त्यसैले यो विशाल बजारका अगाडि राससले आफूलाई प्राविधिक र समाचारीय स्वरूपमा आमूल फेरबदल ल्याउनुपर्ने अवस्था छ । देशको समाचार समितिका सामु यी द्रुत मिडियासँग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्कातर्फ विश्वसनीयताका लागि सन्तुलन कायम गर्नुपर्ने पनि छ । किनभने कहीँ कतै 'आशङ्का' लाई स्रोत उद्धृत गरेर आएका समाचारसँगै मानिसहरूले राससको समाचारको खोजी सुरु गरिहाल्छन् । यस्ता आशङ्का या उच्च स्रोतको हवला दिइएका समाचारले एकै घण्टामा मिडिया र सोसियल मिडियाको बजार तताइसकेको हुन्छ, त्यही समाचार सरकारी अधिकारीलाई पुष्टि गरेर एक घण्टामात्र पछि दिँदा पनि हामी 'पछि परेको' अर्थ लागिहाल्छ । यी राससका सामु प्रविधिले थपिदिएका चुनौती हुन् । यस्तो अवस्थामा आफू पर्दा पछाडि बसेर, देशका हजारौँ मिडियामार्फत राज्यका सूचनाहरू सम्प्रेषण गरी आमनागरिकलाई सूचना प्रदान गर्नुपर्ने दायित्व रासससमक्ष अहिले पनि उस्तै नै छ ।

नेपाली समाचार सेवाबाट सुरु गरेको राससले विसं २०२० देखि नै अङ्ग्रेजी भाषामा पनि समाचार सेवा सुरु गरेको हो । राससले हाल अन्य मातृभाषाहरूमा पनि समाचार सेवा प्रदान गरिरहेको छ । राससको मूल सेवा भने नेपाली र अङ्ग्रेजी भाषामै छ । यसका अतिरिक्त आलेख, अन्तरराष्ट्रिय समाचार, नेपाली तथा अन्तरराष्ट्रिय तस्बिर, श्रव्यदृश्य सेवा राससले उपलब्ध गराउँदै आएको छ । राससले २४ सै घन्टा समाचार सेवा प्रदान गर्दै आएको छ ।

## विश्व

# एआई साझा हितका लागि: मोदी




**नयाँदिल्ली, ७ फागुन ।**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) केही शक्तिशाली देश वा कम्पनीको सीमित साधन नभई विश्वव्यापी साझा सम्पत्ति बन्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनले एआई प्रविधि खुला, पहुँचयोग्य र समावेशी भए मात्रै यसको वास्तविक लाभ मानव समुदायले पाउने बताए ।

ग्लोबल एआई शिखर सम्मेलनलाई सम्बोधन गर्दै उनले एआईको 'लोकतान्त्रिकरण' अपरिहार्य रहेको उल्लेख गरे । "एआईलाई लोकतान्त्रिकरण गर्नुपर्दछ ताकि मानिस एआईका लागि डाटा पोइन्ट मात्र बन्न नपरोस् वा एआईका लागि कच्चा माल बन्न नपरोस्", उनले स्पष्ट गरे । उनका अनुसार विशेषतः ग्लोबल साउथका देशहरूका लागि एआई समावेशीकरण र सशक्तिकरणको प्रभावकारी माध्यम बन्नुपर्नेछ ।

एआई इम्प्याक्ट समिट द्रुत गतिमा विस्तार भइरहेको यस क्षेत्र केन्द्रित चौथो वार्षिक अन्तर्राष्ट्रिय भेला हो । प्रविधि, नीति र नवप्रवर्तनबारे छलफल गर्न विश्वका विभिन्न देशका प्रतिनिधि यहाँ सहभागी भएका छन् ।

गत वर्ष स्ट्यानफोर्ड विश्वविद्यालयका शोधकर्ताहरूले सार्वजनिक गरेको एआई प्रतिस्पर्धात्मकताको वार्षिक विश्वव्यापी र्‍याङ्किङमा भारत तेस्रो स्थानमा उक्लिएको तथ्य पनि उनले स्मरण गराए । यद्यपि ठूलो परिमाणमा पूर्वाधार विकासका योजना र नवप्रवर्तनसम्बन्धी महत्त्वाकांक्षी लक्ष्यहरू अघि सारिए पनि विज्ञहरूले भने संयुक्त राज्य अमेरिका र चीनसँग प्रतिस्पर्धा गर्न भारतले अझै लामो यात्रा तय गर्नुपर्ने आकलन गर्दै आएका छन् ।

यस सन्दर्भमा उनले हालै भारतीय कम्पनीहरूले सार्वजनिक गरेका एआई मोडेलहरू उल्लेख गर्दै 'भारतमा सफल हुने एआई मोडेललाई विश्वभर प्रयोग गर्न सकिन्छ' भने । उनका अनुसार एआई प्रविधि तब मात्र फाइदाजनक बन्नेछ जब यसलाई साझा गरिन्छ र यसको मूल प्रणालीहरू खुला राखिन्छन् । "त्यसपछि मात्रै हाम्रा लाखौं युवा दिमागहरूले यसलाई अझ राम्रो र सुरक्षित बनाउन सक्षम हुनेछन्", उनले भने ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७-४४०१३३ |
| जिल्ला अस्पताल दैलेख | : |

## आजको राशिफल

**मेष**
दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ ।

**वृष**
प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ । व्यापारमा प्रशस्त फाइदा हुनेछ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**मिथुन**
पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला । सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ ।

**कर्कट**
स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला । न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ ।

**सिंह**
घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । तर, विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ । वादविवादले साथीभाइमा फाटो ल्याउनेछ ।

**कन्या**
प्रतिस्पर्धा गर्नुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे लाभ हुनेछ । भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरु हुनेछ ।

**तुला**
प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । स्वास्थ्यका कारण अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला ।

**वृश्चिक**
हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले पनि दुःख पाइनेछ ।

**धनु**
साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । व्यावसायमा फड्को मार्न सकिनेछ ।

**मकर**
समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ ।

**कुम्भ**
सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ । नयाँ कामको प्रस्ताव प्राप्त हुनेछ भने सहयोगीहरूले साथ दिनेछन् ।

**मीन**
सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । अरूको विश्वासमा पर्दा धोका हुन सक्छ ।

# ‘प्रजातन्त्र दिवसले दिगो शान्ति र सुशासनको बाटोमा हिँड्न प्रेरणा प्रदान गरोस्’

**युग संवाददाता**
**कैलाली, ७ फागुन ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले राष्ट्रिय प्रजातन्त्र दिवसले दिगो शान्ति, सुशासन र समृद्धिको बाटोमासँगै हिँड्न सबै नेपालीलाई प्रेरणा प्रदान गरोस् भनी शुभकामना दिएका छन् । राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आज शुभकामना सन्देश जारी गर्दै उहाँले लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र रहेको धारणा राखे ।

मुख्यमन्त्री शाहले संविधानको रक्षा, लोकतन्त्रको सुदृढिकरण, राजनीतिक स्थायित्वको लागि निर्वाचन बाहेक अर्को विकल्प हुनै नसक्ने बताए । उनले नेपालको सार्वभौसत्ता, भौगोलिक अखण्डता, राष्टिय हित, स्वाभिमान र लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनमा योगदान गर्नुहुने सबैप्रति सम्मान प्रकट गरे । वि.सं. २००७ को क्रान्तिबाट १०४ वर्ष लामो निरङ्कुश शासन अन्त्य भई प्रजातन्त्र स्थापना भएको सम्झनामा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाइँदै आइएको छ ।

# ‘अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२’ जारी

**युग संवाददाता**
**काठमाण्डौं, ७ फागुन ।**
निर्वाचन आयोगले प्रतिनिधिसभा सभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनको लागि आवश्यक पर्ने अस्थायी मतदाता नामावाली सङ्कलन तथा स्थायी मतदान प्रक्रियालाई व्यवस्थित तुल्याउन ‘अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२’ जारी गरेको छ ।

आयोगले मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएर जारी गरेको हो । कार्यविधिअनुसार आयोगले स्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रमसहितको सूचना प्रकाशन गर्नेछ । सो सूचना आयोगले आवश्यकताअनुसार राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश हुनेछ ।

निर्वाचन आयोगले जारी गरेको उक्त कार्यविधिअनुसार कुनै व्यक्तिको नाम छुटेको वा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटि सच्याउन प्रमाणसहित प्रमुख नाम दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्ने आयोगले जनाएको छ ।

## विकास...

कर भुक्तानी लगायतका सरकारी काम अनलाइनमार्फत उपलब्ध गराउने, सबै शुल्क डिजिटल प्रणालीबाट तिरिने व्यवस्था मिलाउने तथा फाइलको अवस्थासमेत नागरिकले अनलाइनबाटै हेर्न सक्ने प्रणाली लागू गर्ने योजना अघि सारिएको छ ।

युवा उद्यमीसमेत रहेका विष्ट ‘आइक्यास’ नामक डिजिटल पे कम्पनीका सञ्चालक हुन । उनको प्रतिबद्धतामा युवा रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन, पर्यटन र अर्थतन्त्र सुदृढीकरण, बाढी जोखिम व्यवस्थापन, कृषि आधुनिकीकरण तथा उद्योग-व्यापारिक हब विकासजस्ता विषयलाई पनि समेटिएको छ ।

**● कांग्रेसको प्रतिबद्धतापत्र प्रतीक्षामा**

यसैबीच नेपाली कांग्रेस बाँकेले आफ्नो प्रतिबद्धतापत्र दुई दिनपछि सार्वजनिक गर्ने जनाएको छ । बाँके-२ मा प्रमुख दलबीच विकासका एजेन्डा, सुशासनको प्रतिबद्धता र ठूला पूर्वाधार योजनाको प्रतिस्पर्धा देखिएको छ ।

निर्वाचन नजिकिँदै जाँदा मतदाताले अब प्रतिबद्धतापत्रमा उल्लेखित योजनाको व्यवहारिकता, कार्यान्वयन क्षमतासहित उम्मेदवारको विश्वसनीयतालाई आधार मानेर निर्णय गर्ने अपेक्षा गरिएको छ ।

## रास्वपाले...

नसकेको देखिन्छ । कर्णालीमा कमजोर सांगठनिक मत बढाउन रास्वपाले यो कदम लिएको हुनसक्ने बताइन्छ । कर्णालीका सहरी क्षेत्रमा रास्वपाको पक्षमा जति माहोल छ, त्यो ग्रामिण भेगमा देखिदैन । अन्य प्रदेशमा जनलहर राम्रो देखेको रास्वपाले मेहनत गरे कर्णालीबाट केही स्थानमा जित हाँसिल गर्न सकिने रणनीतिका साथ अघि बढेको देखिन्छ । रास्वपाले कर्णालीबाट जित निकाल्न सकिने क्षेत्रको रुपमा सुर्खेत-२ लाई राखेकाले पनि वाचा पत्र कर्णालीबाट सार्वजनिक भएको हुन सक्ने कतिपयको बुझाइ छ ।

प्राकृतिक सम्पदाले धनी कर्णाली सदिऔंदेखि पछाडि पारिएको तितो सत्यलाई ढाल बनाएर रास्वपाले परम्परागत राजनीतिक दलहरुको बर्चश्व तोडेर आफ्नो उपस्थिती बलियो बनाउन यस्तो रणनीति लिएको देखिन्छ । वाचा पत्र सार्वजनिक गर्ने स्थान कर्णाली रोजेपनि रास्वपाको पाँच वर्षे रोडम्यापमा भने कर्णालीको नाम कतै पनि समावेश छैन ।


# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**डाँडापराजुल -०५, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मिति :- २०८२/११/०८**

उपरोक्त विषयमा यस आ.व. २०८२/०८३ मा गाउँसभावाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस डुङ्गेश्वर गाउँपालिकामा संघीय सरकारको समपुरक तथा विशेष अनुदान अन्तर्गत रहेका तपशिलका योजनाहरु मिति २०८२/०९/११ गतेको सौर्य दैनिक राष्ट्रियस्तर पत्रिकामा प्रकाशित सार्वजनिक सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन समितिले प्राविधिक तथा आर्थिक मुल्यांकन गर्दा देहायका बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभुतरुपमा प्रभावग्राहि भइ स्वीकृतको लागि पेश भएकाले सार्वजनिक खरिद ऐन (पहिलो संशोधन २०७३) २०६३ दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७(सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरुको नाम | कबोल अंक रु. (भ्याट र पि.एस सहित ) |
|---|---|---|---|
| DRM/DLKH/ BTVGICC/W/ NCB/06/2082/083 | Badakhola to Thandanda through Vedghari, Guyali irrigation Canal Construction Project, Ward -02 | Laxmi Nirman Sewa, Jumla | 58,71,198.13 |
| DRM/DLKH/ NRMBWPC/W/ NCB/07/2082/083 | Nepal Rastriya Ma.Vi. School Academic Building, Wall and Playground Construction, Ward-03 | N.K. Thapa Construction Pvt.Ltd, Kathmandu | 5,34,85,428.35 |

**प्रमुख प्रशासकिय अधिकृत**

**Government of Nepal**
**Water Sector Governance and Infrastructure Support Project**
# Sharada Project Implementation Unit
**Sharada Municipality, Salyan.**

## Letter of Intent (LOI)

**Date of publication: 20th February 2026**

Pursuant to ITB 39.1 this is to notify all the concerned bidders that we have intended to award the following contract to following bidder selected as substantially responsive lowest evaluated bid.

| SN | Contract ID | Description of Work | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including PS and VAT (NRs.) |
|---|---|---|---|---|
| 1 | NP-DWSSM-511278-CW-RFB | Construction of Construction of Khairabang Community Water Supply in Sharada Municipality, Salyan | A.M. Construction Company P. Ltd., Gwarko, Ring Road, Lalitpur | 178,549,875.76 |

**Project Manager**

# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**अवलचिङ्ग, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति: २०८२/११/०८)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको सूचना अनुसार प्राप्त वोलपत्रहरुमध्ये निम्नानुसार वोलपत्रदाताको वोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त वोलपत्रसँग सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| SN | Contract Identification No | Name of contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of Lowest evaluated substantially responsive bid(Excluding vat and PS) |
|---|---|---|---|---|
| 1 | CRM/NCB/ WORKS/08/2082/083 | Saraswoti Primary School Building Construction Works, Chingad -6, Bhorjani | Tripura Rara Construction and Consult Pvt.Ltd., Kohalpur, Banke | NRs. 27,58,545.68 |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# Chingad Rural Municipality
# Office Of The Rural Municipal Executive
**Awalching, Surkhet**
**Karnali province, Nepal**

## Invitation for E- Bid

**First Date of publication: 20 th Feb. 2026**

1. Chingad Rural Municipality, Office of Municipal Executive, Awalching, Surkhet invites electronic bid for eligible bidders as per details given below under NCB bidding Procedures.

| S. N. | Contract Identification Number | Description of works | Estimated Amount (with VAT ) | BID Validity /Bid Security Validity Period | BID Security Amount. | Non-Refundable Fee for BID Document purchase(Nrs) | Rem. |
|---|---|---|---|---|---|---|---|
| 1. | CRM/NCB/ GOODS/ 02/2082/083 | Procurement And Delivery Of Organic Manure Pellet Production System | 28,45,500 | 90 /120 days respectively from bid opening date | 72,000 | 3000 | |

2. All further information and bid documents can be inspected visiting the PPMO E-Portal www.bolpatra.gov.np and Chingad Rural Municipality mail chingadgaunpalika@gmail.com

**For Chief Administrative Officer**

**Government of Nepal**
**Water Sector Governance and Infrastructure Support Project**
# Sharada Project Implementation Unit
**Sharada Municipality, Salyan.**

## Notice of Financial Bids Opening

**Date of publication: 20th February 2026**

This is to notify all the bidders who have submitted Technical and Price Bid for the Construction of Thulapatal Nipane Water Supply in Sharada Municipality, Salyan (Contract Identification No.: NP-DWSSM-511279-CW-RFB) as per invitation for bid notice published on 5th January 2026. The details of Responsive Bidders from the Technical Evaluation of the contract are mentioned below:

| SN | Responsive Bidder's Name and Address |
|---|---|
| 1 | Global Construction and Water Treatment Pvt. Ltd. Koteshwor-32, Kathmandu |
| 2 | Bhumi Nirman Sewa/Prithvi Energy Nirman Sewa-JV, Madi-2, Rolpa |
| 3 | A.M. Construction Company Pvt. Ltd., - Tamakoshi Construction Co. Pvt. Ltd., Joint Venture, Gwarko-Ring Road, Lalitpur |

We would like to invite the above-mentioned responsive bidders to attend the opening of Financial Bid in the following mentioned details:

**Date:** 27th February 2026
**Time:** 1:00 PM
**Place:** Project Implementation Unit, Sharada Municipality, Salyan

**Project Manager**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# फागुन ७ ऐतिहाँसिक होः मुख्यमन्त्री कँडेल

**युग संवाददाता**
**सुर्खेत, ७ फागुन ।**



कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले राष्ट्रिय प्रजातन्त्रको अवसरमा आयोजित कार्यक्रममा आज (फागुन ७) को दिनमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतन्त्र तथा विभिन्न सामाजिक आन्दोलनमा आफ्नो अमूल्य भएको बताएका छन् ।

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनका लागि विभिन्न समयमा भएका आन्दोलनका सहिदपरिवार, बेपत्ता, घाइते एवम् अङ्गभङ्ग हुनुभएका व्यक्तित्व, आन्दोलनमा अगुवाइ गर्ने सम्पूर्णमा सम्मान व्यक्त गर्दै जनसमुदाय, नागरिक समाज, राजनीतिक कार्यकर्ता, सबै क्षेत्र वर्ग र समुदायको योगदानको उच्च प्रशंसा गरे ।

प्रजातन्त्र जनताको सङ्घर्ष र सहिदको बलिदानबाट स्थापित भएकाले आजको दिन नेपालको इतिहासमा गौरवपूर्ण रहेको मुख्यमन्त्री कँडेलले धारणा राखे । उनले फागुन ७ गतेको यस दिनले नागरिक अधिकारको महत्व स्थायी बनाउने र हामी सबैलाई लोकतान्त्रिक मूल्य, मान्यता अवलम्बन गर्दै नागरिकका अपेक्षा पूरा गर्ने मार्गमा अघि बढ्न प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र नेपाली जनता आफैले बनाएको वर्तमान संविधान निर्माणको एउटा महत्वपूर्ण जग विसं २००७ को क्रान्ति रहेको भन्दै यस दिनलाई नेपालीले बिर्सन नहुने उनको भनाई छ । "प्रजातन्त्र केवल शासन व्यवस्था मात्र होइन, यो जनताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन र सामाजिक न्यायको आधार हो । विगतका सङ्घर्षले हामीलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याएको छ", उनले भने ।

प्राप्त उपलब्धिलाई संस्थागत गर्दै सुशासन, पारदर्शीता, विकास र समृद्धिको दिशामा दृढतापूर्वक अघि बढ्न मुख्यमन्त्री कँडेलले सबैलाई आह्वान गरे । "गत भदौ २३ र २४ गतेको घटनापछि यतिबेला हामी प्रतिनिधिसभा निर्वाचनको तयारीमा छौं । निर्वाचनलाई प्राप्त उपलब्धिको रक्षा गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने एउटा महत्वपूर्ण अवसरको रूपमा लिनुपर्ने आवश्यकता छ", उनले भने । यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतान्त्रिक गणतन्त्रको पक्षमा दृढतापूर्वक उभिन उनले सबैमा आग्रह गरे ।

## कस्तो छ...

नपाउने व्यवस्था गरिने उल्लेख छ। सरकारी सेवाहरू लाइनमा नभई अनलाइनमार्फत प्रवाह गरिने र १० वर्षभित्र सूचना प्रविधि निर्यातलाई ३० अर्ब डलर पुऱ्याउने लक्ष्य रास्वापको वाचा पत्रले राखेको छ।

सात वटै प्रदेशमा डिजिटल पार्क निर्माण गरी पाँच लाख रोजगारी सिर्जना गर्ने योजना रास्वपाले अघि सारेको छ। यस्तै, आगामी पाँच वर्षमा सात प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्दै प्रतिव्यक्ति आय तीन हजार डलर नाघाउने संकल्प वाचा पत्रमा गरिएको छ।

सहकारी र लघुवित्त क्षेत्रको समस्या समाधान गर्न एकीकृत बचत सुरक्षा कोष स्थापना गरी साना बचतकर्ताको रकम एक सय दिनभित्र फिर्ता गर्नेदेखि प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद् र सांसद मन्त्री नहुने व्यवस्थाका लागि बहस पत्र तयार गरी राष्ट्रिय सहमति खोज्ने वाचा रास्वपाले गरेको छ । वाचा पत्रले नेपाललाई सम्मानजनक मध्यम-आय भएको मुलुक बनाउन जग बसाल्ने दाबी रास्वपाको छ।


## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

**तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


**Government of Nepal**
**Ministry of Home**

# District Administration Office (DAO)

**Dailekh**

## Invitation For Bids (IFB)

**Notice No: 01-082/083**
**1st date of publication: - 20th Feb, 2026 (2082/11/08)**

1. DAO, Dailekh invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.The details of the project is as follows:

| S. N | Contract No. | Description of Work | Estimate Amount (Without P.S. & VAT) | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Bid Validity/Bid BondValidity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | DAO/Dailekh/Work/ NCB/01/082/083 | Construction of Boundary wall and Gate at Kadachaur Dailekh. | 34,00,228.02 | 1,03,000.00 | 3000.00 | 90 days/120 days from last date of bid submission | 2082/12/08 (3/22/2026) |

Eligible Bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp.

**Chief District Officer (CDO)**

## कर्णालीको...

गरेर सभ्यता जोगाउनु भनेको इतिहास र पहिचान जोगाउनु हो ।'

उनले कर्णालीमा अझै पनि भोकमरी, बालमृत्युदर र मातृमृत्युदर उच्च रहेको विषय उठाए। कर्णालीमा गरिबीलाई भोग्ने जनता धेरै छन्, तर त्यसलाई सही रूपमा बुझ्ने नेतृत्वको अभाव रहेको उनको दावी थियो। 'कर्णालीका जनताको सपना अब हाम्रो सपना हो, रास्वपाले कर्णालीबाट परिवर्तनको यात्रा सुरु गरेको छ,' साहले भने।

# एमालेको चुनावी घोषणापत्र सार्वजनिक



**युग संवाददाता**
**काठमाडौँ, ७ फागुन ।**

नेपाल कम्युनिष्ट पार्टी (एमाले ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ। एमालेको केन्द्रीय निर्वाचन परिचालन कमिटीले आयोजना गरेको चुनावी घोषणापत्रमा आधारित बहस 'देश पहिला' कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गर्दै लक्ष्य निर्धारणहित प्रतिबद्धता सार्वजनिक गरेका हुन ।

एमालेले 'समृद्ध नेपाल, सुखी नेपालीः राष्ट्रिय आकाङ्क्षा हाम्रो गन्तव्य' को नारासहित त्यसलाई पूरा गर्न आफ्नो पार्टीलाई विजयी गराउनुपर्नेमा जोड दिएको छ। विगतमा आफ्नो पार्टी सरकारमा हँदु । थालिएका र पूरा गर्न नपाएका सुशासन, विकास, रोजगारी र सामाजिक न्यायका क्षेत्रलाई एमालेले मुख्य प्राथमिकता दिएको छ।

घोषणापत्रमा तत्काल गर्ने ११ काम, पाँच आधारभूत काम र २५ सङ्कल्प सार्वजनिक गरिएको छ। अध्यक्ष ओलीले भत्काउने र जलाउने नभई बनाउने सङ्कल्पका साथ एमालेले विगतका अनुभव र अभ्यासका कारण मुलुकको मुहार फेर्ने कामको अगुवाइ गर्ने दाबी गरे। उनले स्वाधीनता र राष्ट्रियताको पक्षमा एमाले सधैँ दृढ रहेको स्पष्ट गर्दै आफूहरु कुनै लोकप्रितावाद वा स्टन्टमा केन्द्रित नहुने बताए।


९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।



मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।